परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष ११ ❑ अंक ३७ २०८० बैशाख १० गते आईतवार Sunday 23, APR 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## शवयात्रामा सहभागी पहिचानवादी पक्षधर र प्रहरी बीच झडप हुँदा प्रहरीसहित दश जना घाईते

विराटनगर । कोशी प्रदेश नामाकरणको विरोधमा निकालिए को शवयात्रामा सहभागी पहिचनवादी पक्षधर र प्रहरी बीच विराटनगरमा भएको झडपमा ८१ सेल अश्रुग्याँस प्रहार हुनुका साथै प्रहरी सहित १० जना घाईते भएका छन् ।

प्रदेश १ को नाम प्रदेश सरकारले बहुमतको आधारमा कोशी प्रदेश नामाकरणको विरोधमा पहिचानवादी पक्षधरहरुले गरेको विरोध प्रर्दशनको क्रममा चैत १० गते मृत्यु भएका पदम लिम्बु ( लाजेहाङ) को शव लिएर विरोध प्रदर्शन गर्न आएका प्रर्दशन कारी र प्रहरी वीच विराटनगरको रोडशेष चौकमा झडप भएको थियो ।



मोरङ प्रहरी प्रमुख एसपी दीपक पोखरेलका अनुसार प्रदर्शनकारीले रोडसेस चौकस्थित मुख्यमन्त्री कार्यालय नजिक निषेधाज्ञा तोडेपछि झडप भएको हो । झडप सुरु हुनुअगाडि आन्दोलनकारीका तर्फबाट पेट्रोल बम प्रहार भएको प्रहरीले दावी गरेको छ । झडपमा परी ६ जना प्रहरी र ४ जना आन्दोलनकारी घाइते भएको पोखरेलले जानकारी दिए । आन्दोलनकारीले भने आफ्नोतर्फ ६ जना घाइते भएको बताएका छन् ।

एक जना प्रहरीको टाउ कोमा चोट लागेको कारण न्युरो अस्पताल विराटनगरमा उपचारका लागि भर्ना भएको छ ।

त्यसैगरी आन्दोलन कारी तर्फ घाइते भएका झापाको शिवसताक्षी नगरपालिका ८ का राजकुमार शेर्माको खुट्टामा चोट लागेको छ । आन्दोलन कारीले उनलाई प्रहरीले रबरको गोली हानेको बताएपनि प्रहरीले भने गोली प्रहार नगरेको वताए ।

एसपी पोखरेलका अनुसार निषेधाज्ञा तोड्ने क्रममा शेर्मालाई बारको ब्लेडले काटेको थियो । यस्तै इटहरी २ का डेनिज राई, विराटनगर ८ का चन्द्रकुमार राई पनि घाइते भएका छन् । उनीहरू तीन जनाको विराटनगरस्थित पारस अस्पतालमा उपचार भइरहेको छ ।

आन्दोलनकारीले प्रहरीको अबरोध ताडेर मुख्यमन्त्री कार्यालयतिर अगाडि बढ्न खोजेपछि प्रहरीले अबरोध गरेको थियो । त्यसक्रममा भिड तितरवितर पार्न प्रहरीले ८१ सेल अश्रुग्याँस प्रहार गरेको जनाएको छ ।

कोशी नाम खारेजको माग गर्दै आन्दोलन गर्ने क्रममा गत चैत ५ गते घाइते भइ उपचारको क्रममा वैशाख १० गते निधन भएका लिम्बूको ३० दिन पछि दाह संस्कार भएको छ ।

## चोरी ताथ डाकाको आरोपमा चारजना पक्राउ

विराटनगर । मोरङको ग्रामथान गाँउपालिका-२ झोराहाट स्थितमा रहेको सौजन्य बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सेफ फोडी नगद चोरी तथा डाका गर्ने ४ जनाको समुहलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा ग्रामथान गाँउपालिका-५ मोरङका ४० बर्षीय दिलिप कुमार चौधरी, २८ बर्षीय ईरज धामी, सर्लाही लालबन्दी-२ का ३५ बर्षीय मिथुन पासवान र सर्लाही ईश्वरपुर-५ का २६ बर्षीय मिथिलेश महत्तो रहेका छन ।

उनिहरुले गत चैत्र २ गते राती बैङ्कको ढोका फोडी फलामको सेफ बाकसमा राखेको नगद ७ लाख ७७ हजार १८ रुपैया चोरी गरेका थिए । बैङ्कबाट रकम चोरी भएको जानकारी प्राप्त भए संगै इलाका प्रहरी कार्यालय बेलबारीबाट अनुसन्धान तथा खोज तलासमा खटिएको प्रहरी टोलीले उनिहरुलाई सर्लाहीको बिभिन्न

वांकी अन्तिम पेजमा...

## सुर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योग नै बन्द गर्न सुझाव

विराटनगर । विराटनगर महानगरपालिकाले बैशाख १ गते देखि सार्वजनिक स्थलमा सुर्तीजन्य पदार्थ सेवन र विक्री वितरण गर्ने रोक लगाएको निर्णयलाई सुर्ती जन्य पदार्थ वेच्ने धरै व्यवसायीले स्वागत गरेता पनि केही व्यवसायीहरुले सुर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योगलाई नै बन्द गराउन सुझाव दिएका छन् ।

विराटनगर महानगर पालिका का राजश्व महाशाखा प्रमुख सरोज गौतम सहितको अनुगमन टोलीले देवकोटा चौक देखि उत्तर मालपोत कार्यलय जाने र नेपाल टेलीकम जाने वाटोको दुवै छेउहरुमा रहको पसलहरुको अनुगमन गरी सचेत गराउने क्रममा व्यवसायीहरुले सो सुझाव दिएका हुन ।

महानगरले सञ्चार माध्यममा सूचना प्रकाशन गर्नुको साथै माइकिङ गरेर सुर्तीजन्य पदार्थ सार्वजनिक स्थलमा सेवन र विक्री वितरण बन्द गर्न भन्दै आएको छ भने पसल पसलमा पुगरे महानगरको अनुगम टोलीले अनुगमन गर्दै सचेत गराउँदै आएको छ ।

अनुगमनको क्रममा एक महिलाले भने पसलमा सुर्तीजन्य पदार्थ विक्री वितरण गर्नेकाम स्वागत योग्य रहेको छ । सुर्तीजन्य पदार्थमात्र नभई जाँड रक्सी समेत बन्द गर्नु पर्छ । जाँड रक्सीका कारण आज म एकलो जीवन विताउन वाध्य भएकी वताइन ।

दर्जनौ पसल अनुगम गर्दा धेरैले सुर्तीजन्य पदार्थ विक्री वितरण बन्द गर्ने निर्णय सकारात्मक भएको र केही पसलेहरुले उद्योग नै बन्द गराउन सुझाव दिएको छ । यी सुझावहरुलाई पनि सकारात्म रुपमा लिएको गौतमले वताए ।

सुर्तीजन्य पदार्थ सार्वजनिक स्थलमा सेवन गर्न र विक्री वितरण गर्न निषेशत गरिएको

वांकी अन्तिम पेजमा...

## प्रदेश र स्थानीय सरकार बीचको सम्बन्ध व्यवहारीक

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार काकीले प्रदेश र स्थानीय सरकार बीचको सम्बन्धलाई व्यवहारिक बनाउन आवश्यक रहेको वताएको छ । सोमबार विराटनगरमा आयोजित 'कोशीप्रदेश समन्वय परिषद'को बैठकमा बोल्दै मुख्मन्त्रीकार्कीले सो कुरा वताएका हुन् ।

प्रदेश र स्थानीय सरकार बीच कुनै समस्या आएमा त्यसलाई आपसी समन्वयबाटै समाधान गर्नुपर्ने कुरामा जोड दिदै यस्ता समस्यालाई आमसञ्चार माध्यममा छरपस्ट नपार्न स्थानीय निकायका पदाधिकारीहरुलाई मुख्य मन्त्री कार्कीले निर्देशन दिएका थिए ।

मुख्यमन्त्रीकार्कीले प्रदेश र स्थानीयदुबै सरकार वित्तीयहिसावले कमजोर भएकाले आपसमा समन्वय गरेर काम गर्न आवश्यक रहेको वताए । आगमीवर्ष देखि प्रदेश सरकारको अर्थमन्त्रालय अन्तर्गत राजस्व महाशाखा मार्फत स्थानीय तहसँग समन्वय गरेर काम गर्ने पंद्धतिको विकास गर्ने कुरामा प्रदेश सरकारले ध्यानदिने वताए ।

वित्तीय हस्तान्त्रण अन्तर्गत सशर्तको बजेटमा योजना होइन क्षेत्रमात्र तोकेर स्थानीयतहमा एकमुष्ट बजेट पठाउने कुरामा प्रदेश सरकारले ध्यान दिने वताए । त्यस अघि विभिन्न स्थानीयतहका पदाधिकारीहरुले वित्तीय हस्तान्त्रण मार्फत आउने सशर्तको अनुदानमा योजना नै तोकेर आउने गरेको गुनासो गरेका थिए ।

मुख्यमन्त्रीकार्कीले स्थानीयतहकापदाधिकारीहरुले उठाएका विषयमाप्रदेश सरकार गम्भीर रहेको बताउँदै योजनाहरु दोहोरिने समस्या, न्यायिक समितितमादेखिएको जनशक्ति अभाव लगायतका विषयमा प्रदेश सरकार गम्भीर रहेको बताउनुभयो ।

बैठकले प्रदेश सरकारको आगमी आर्थिक वर्ष २०८०/०८१ मा प्रस्तुतहुने वार्षिक नीति तथा कार्यक्रमका सम्बन्धमा, प्रदेश र स्थानीयतहले सञ्चालन गर्ने कार्यहरुको समन्वय, सहजीकरण अनुगमन, राजस्व सङ्कलन तथा बाडफाँड, स्थानीय तहका आवधिक योजनाहरु निर्माण गर्ने, जिल्ला समन्वय समितिको कार्य व्यवस्थालाई थप प्रभावकारी बनाउन समिति गठन गर्ने, समन्वय परिषदको कामलाई प्रभावकारी बनाउन विभिन्न उपसमितिहरु गठन गर्ने, लगायतका विषयमा विभिन्न निर्णयहरु गरेको छ ।

बैठकमा कोशीप्रदेश सरकारका प्रमुख सचिव डा दीपककाफ्ले छलफलका विषयहरु प्रस्तुत गर्नु भएको थियो । छलफलका क्रममा समन्वय परिषदका सदस्यहरु, प्रदेश मन्त्रालयका सचिवहरुले प्रस्तुत विषयहरु मथि आ-आफ्नो धारण राख्नु भएको थियो ।

बेटा बेटीके बीचमे विभेद नय करू दोनोके स्कुल भेजु ।

डिभिजन वन कार्यालय, मोरङको
अत्यन्तै जरुरी सूचना

यस वर्षाको सुख्खा मौसमको सुरुवात भइसकेको छ । वनलाई डढेलोबाट जोगाउन सम्बन्धित सबै सरोकारवाला, सर्वसाधारणमा निम्नानुसारका सावधानी अपनाउनु हुन अनुरोध छ ।

१) कृपया सलाई, लाइटर जस्ता आगो उत्पन्न गर्ने वस्तुहरु वन क्षेत्रमा जथाभावी प्रयोग नगरौं ।
२) वन क्षेत्र नजिक आगो नबालौं, आगो बालेको भए निभाएर मात्र छाडौं ।
३) वनमा डढेलो लागेको थाहा पाउनासाथ नजिकका वन कार्यालय, प्रहरी, स्थानीय तह तथा वन उपभोक्ता समूहहलाई सूचना दिऔं ।
४) डढेलो लागेको थाहा पाएमा आवश्यक सहयोग जुटाई नियन्त्रण गरौं ।
५) वन डढेलो लगाउने व्यक्तिहरुलाई पहिचन गरी कानुनी दण्ड सजाय गराउने कार्यमा सहयोग गरौं ।

डिभिजन वन कार्यालय, मोरङ
सम्पर्क : ९८५२०२६६१४, ९८५२०८१११०

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## कोशी प्रदेश...

सञ्चालनका लागि संसदीय पत्रकार मञ्चलाई अनुदान दिइएको ।

स्वास्थ्य

- विशेष अनुदानतर्फको ग्रामीण आमा स्वास्थ्य सूरक्षा कार्यक्रमको कार्यक्रम कार्यान्वयन पुस्तिका मन्त्रालयबाट स्वीकृत भई चालु आ.व. मा कार्यक्रम बिस्तार भएका जिल्लाहरु झापा, धनकुटा, ओखलढुङ्गा, पाँचथर र सोलुखुम्बुका स्वास्थ्य कार्यालयहरु बाट कार्यक्रम सञ्चालन हुने सम्बन्धित जिल्लाका स्थानीय तहमा रहेका द्यष्चतजष्लन अभलतभच मार्फत कार्यक्रम लागु गरिएको ।

- प्रदेश जनस्वास्थ्य प्रयोग शालाबाट निःशुल्क माइक्रोबायाेलोजी/ब्याक्टेरियोलिजी, कोगुलेसन प्रोफायल,जएख/म्लब,एञ्मच परिक्षण सेवा,Hepatitis B, Hepatitis C भाइरल लोड परिक्षण सेवा प्रारम्भ गरिएको। प्रदेशका सोलुखम्बु, ओखलढुङ्गा, तेह्रथुम, झापा र मोरङ्ग जिल्लामा कालाजार सर्भिलेन्सको कार्य सुरु गरिएको ।

- जिल्ला अस्पतालहरुबाट निःशुल्क गर्भवती जाँच सेवा कार्यक्रम सञ्चालन प्रारम्भ गरिएको। यसबाट गर्भवती महिलाहरुले निःशुल्क स्वास्थ्य सेवा र ल्याव जाँच सेवा प्राप्त गरिरहेको ।

- प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुरको अस्थायी दरबन्दीमा करार कर्मचारी छनौट प्रकृया अघि बढेको।जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु मार्फत नागरिक आरोग्य कार्यक्रमको जिल्लास्तरीय अभिमुखी करण तथा अभियान सञ्चालन कार्यक्रम सम्पन्न।जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पाँचथरको भवन निर्माणका लागि हेल्पिङ्ग हेण्स पाँचथरद्वारा आफ्नो नाममा रहेको रो. ३-५-१-३ जग्गा दिने निर्णय भएसंगै जग्गा प्राप्तिको प्रकृया अगाडि बढेको ।

- मधुमेह र रक्तचापको परीक्षण इलाम, मोरङ्ग र संखुवासभाका १२ वटा पालिकाबाट महिला स्वयम् सेविकाहरुलाई प्रशिक्षण र उपकरणहरु सहित निदान कार्यक्रमको शुरुवात गरेको ।

- जिल्ला अस्पतालबाट विशेषज्ञ सेवा प्रदान गर्नका लागि विशेषज्ञ चिकित्सकहरु भर्ना गरी विभिन्न अस्पतालहरुमा नवजात शिशु तथा बाल रोग विशेषज्ञ-१, मानसिक रोग विशेषज्ञ-१, जेनरल सर्जरी-१, काया चिकित्सक (आयुर्वेद)-१, शल्य चिकित्सक-१

- यस प्रदेशका विपन्न नागरिकहरुलाई कडा रोग मुटु, मृगौला क्यान्सर, पार्किसन्स, अल्जाइमर्स, स्पाइनल इञ्जुरी, हेड इञ्जुरी, कलेजो, अप्लाष्टिक एनिमिया, थालिसिमिया, मष्तिकघाट जस्ता रोगहरुका लागि आर्थिक सहायता उपलब्ध गराउने आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७९ स्वीकृत गरिएको ।

- मन्त्रालयमा प्रादेशिक स्वास्थ्य नीति तयारीका लागि त्भअजलष्अबा ध्यचपष्लन न्चयगउ बाट नीतिको प्रारम्भिक खाका सहित पहिलो मस्यौदा तयार गरिएको।बिभिन्न उप समूग बनाई तथ्याङ्क सङ्कलन र थप कार्य जिम्मेवारी बाँडफाँट गरिएको।

- उच्च जोखिममा रहेका ज्येष्ठ नागरिक, दीर्घ रोगी, गर्भवती, अग्रपंक्तिमा कार्यरत कर्मचारीहरु, सेवा प्रदान गर्ने व्यक्तिहरुलाई तथा कोशी प्रदेशबासी नागरिकहरुलाई कोभिड-१९ को बुस्टर डोज खोप ८,घण,टज्ञण जनालाई लगाइएको।

भौतिक पुर्वाधार:

सडक तर्फ:

धुलावारी - चन्द्रगढी जोड्ने ढ कि.मी. सडक, दुर्गापुर दानावारी जोड्ने १२ कि.मी. सडक, सुरङ्गा देखि भारतिय सिमा जोड्ने ११ कि.मी. सडक, सतासीधाम झिल झिले जोड्ने द्दद्द कि.मी. सडक, सहिद मेन मार्ग ६ कि.मी. सडक,भाउन्ने आमतोला जोड्ने ७ कि.मी. सडक, वुढीगंगा-१ पुष्पलाल चौक हुदै मनमोहन पोलिटेक्निक जोड्ने ठ.छ कि.मी. सडक, शिवचौक देखि भारतीय सिमा जोड्ने ६ कि.मी. सडक, ईटहरी उप महा नगर ५, ६ हुदै रामधुनी न.पा.-१ सैनीमैनी जोड्ने ट.छ कि.मी. सडक, महेन्द्रनगर बाङ्गे कालाबञ्जाईर धरान जोड्ने ट कि.मी. सडक, शिधुवा शुक्रवारे जोड्ने ८ कि.मी. सडक, फिदिम फलोट जोड्ने ज्ञण कि.मी. सडक, फिदिम शिवालय नाङ्गलप्पा गोरुवाले सन्दकपुर जोड्ने ५ कि.मी. सडक गरी जम्मा ११६ कि.मी. सडक कालो पत्रे गर्ने कार्य सम्पन्न भएको ।

पुल तर्फ:

उदयपुर स्थित वाउन्नद्द खोला पुल र वलान खोला पुल तथा मोरङ्ग स्थित केशलिया खोला पुल रमहिमा खोला पुल निर्माण सम्पन्न भएको ।

झो. पु. निर्माण

कोशी प्रदेश भित्रका विभिन्न स्थानका १५ वटा झो. पु. को ढण% कार्य सम्पन्नह भएको ।

बिस्तृत परियोजना प्रतिवेदन तयारी

पूर्वाधार विकास कार्यालयहरु बाट नयाँ ज्ञण वटा बहुवर्षिय सडक आयोजना र धनकुटा अस्पताललाई २०० बेडमा स्तरउन्नतीको लागि बिस्तृत परियोजना प्रतिवेदन (म्एच) तयारी भएको ।

भवन तर्फ:

कोशी प्रदेश भित्रका देहायका जिल्लाहरुमा भवन तथा संरचनाहरु निर्माण सम्पन्न भई प्रयोगमा आएका छन् ।

१. रुम्जाटार गुम्वालामा क्वाटर भवन निर्माण, ओखलढुङ्गा २. सि.न.पा.-१ साम ुदायिक भवन निर्माण, ओखलढुङ्गा,३.रुम्जाटार पार्क निर्माण, ओखलढुङ्गा,४. भोजपुर रङ्गशाला निर्माण, भोजपुर , ५. हतुवागढी भ्यूटावर, भोजपुर ६. दलित सञ्जा्ल भवन, भोजपुर ७. महालक्ष्मी मन्दिर निर्माण सम्पन्नर, ८. जनता आवास छण वटा सम्पन्नप (धनकुटा, भोजपुर, तेह्थुम,संखुवासभा), ९. जनता आवास द्ध वटा सम्पन्नप, १०० वटा को सम्झौता भएको (झापा, ईलाम,पाँचथर,ताप्लेजुङ्ग), १०. कुटी डाँडा पार्किङ्ग स्थल निर्माण सम्पन्न, ईलाम रहको छ ।

## चोरी...

स्थानमा लुकिछिपि बसेको अवस्थामा पक्राउ गर्न सफल भएको हो ।

पक्राउ परेका उनिहरुलाई सम्मानित मोरङ जिल्ला अदालतमा दाखिला गरिएकोमा अदालतको आदेशले तीन जनालाई पुर्पक्षको लागि कारागार पठाईएको र मिथिलेस महतो २ लाख रुपैया धरौटीमा छुटेको साथै घटना सम्बन्धमा अन्य अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## सुर्तीजन्य...

निर्णयलाई पालन भएको नभएको अनुगमनको पहिलो चरणमा पसलेहरुलाई संचेत गराउने, सुर्ती जन्य पदार्थ जफत गर्ने कार्य भई रहको छ । दोस्रो चरणमा सुर्तीजन्य पदार्थ विक्री वितरण गर्ने पसलेहरुलाई महानगरले जरीवाना गर्ने तयारी समेत गरको छ ।

- चौधवर्षभन्दा मुनिका बालबालिकालाई श्रममा नलगाऔं ।
- बालबालिकालाई श्रमिक बनाउनु कानूनी अपराध हो ।
- बालबालिकालाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं ।
- बालबालिकाको शारीरिक र मानसिक विकासमा सहयोग गरौं ।
बालश्रम न्मुलन अभियानमा सहभागी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सरकारमा सबै दललाई सहभागी हुन आह्वान

विराटनगर । कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले प्रदेश सभामा सहभागि छ वटै राजनीतिक दलहरुलाई आफू नेतृत्वको सरकारमा सहभागि हुन आग्रह गरेको छ ।

प्रदेश सभामा सहभागि छ वटा राजनीतिक दलमध्ये नेकपा (एमाले), माओबादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी र जनता समाज बादी पार्टी अहिलेको सरकारमा सहभागि भएपनि प्रदेश सभाको दोस्रो ठूलो दल नेपाली काँग्रेस र पाँच ठूलो दल नेकपा (एकीकृत समाजबादी) सरकार बाहिरा रहेको चर्चा गर्दै उनीहरुलाई पनि सरकारमा सहभागि हुने अनुरोध गर्नु भएको हो ।

मङ्गलबार 'कोशी प्रदेश सरकारको एक सय दिने कार्य उपलब्धी विवरण' सार्वजनिक गर्न मुख्यमन्त्री तथा मन्त्रि परिषद् को कार्यालय विराटनगरमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उहाँले सो कुरा वताएको हो । गत पुस २५ गते भएको उक्त सरकारले मङ्गलबार एक सय दिन पुरा गरेको छ ।

मुख्यमन्त्री कार्कीले भन्नुभयो - 'म आव्हन गर्न चाहान्छु सबै मिलेर पाँच वर्ष सरकार चलाउ र नेपाली जनतालाई सन्देश दिउँ ।' हाम्रो बहुदलीय प्रतिस्पर्धात्मक र वेस्ट मिनिस्टर प्रणालीमा बहुमतको सरकार र अल्पमतको प्रतिपक्ष चाहिन्छ भन्ने मान्यता रहेपनि त्यो मान्यता श्राद्धा गर्दा विरालो बाद्नुपर्ने मान्यता जस्तो मात्र भएको दृष्टान्त प्रस्तुत गर्दै यो कुनै कानुनी र संबैधानिक बाध्यता नभएको स्पस्ट पार्दै भने- 'सँगै मिलेर नयाँ सन्देश दिउँ, त्यसले राष्ट्रिय राजनीतिमा विभिन्न मुद्धाहरुमा राष्ट्रिय सहमतिको वातावरण बन्ने, अन्य प्रदेशहरुमा पनि एउटा सहमतिको वातावरण बन्ने र नेपाली जनताहरुमा देखिएको निराशा, कुण्ठा, आक्रोसलाई चिरेर सम्भावित राजनीतिक दुर्घटनाहरु तथा मध्यवधी निर्वाचनको संभावाना लाई टार्न सकिन्छ ।'

मुख्यमन्त्री कार्कीले जहिले सम्म बहुमत आउँदैन तव सम्म दलहरु सँगै मिलेर जाने संस्कृतिको विकास गर्न पनि अनुरोध गर्नुभयो । उहाँले २०७९ मङ्सिर ४ गतेको निर्वाचनको परिणामपछि सङ्केत मुलुकमा राजनीतिक स्थायीत्वको सम्भावाना नदेखिएको दृष्टान्त प्रस्तुत गर्दै राजनीतिक पार्टीको केन्द्रीय नेतृतवमा समिकरण परिवर्तन भएको र कोशी प्रदेश बाहेक कुनै पनि प्रदेश सरकारले सय दिन व्यतित गर्ने मौका नपाएको स्पस्ट पारेका थिए ।

उहाँले कोशी प्रदेशको सरकारको भविश्य पनि के हुन्छ भनेर विभिन्न अड्कलवाजीहरु भइरहेको स्मरण गराउँदै तर कोशी प्रदेशमा भने सरकारमा सहभागि दलहरु एकमतका साथ अघि बढिरहेको दाबी गरेका थिए ।

कार्यक्रममा मुख्यमन्त्री कार्कीले एक सय दिनमा आफ्नो नेतृत्वको सरकारले गरेका महत्वपूण कामको बारेमा जानकारी गराउनु भएको थियो ।

## गाउँवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।

| दिपेश कुमार झा<br>प्र.प्रशासकिय अधिकृत | नसिमा वानो<br>उपाध्यक्ष | जिवछ प्रसाद गच्छदार<br>अध्यक्ष |
|---|---|---|

धनपालथान गाउँपालिका, गाउँपालिकाको कार्यालय, कोशी प्रदेश, मोरंग, नेपाल

## गाउँवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।

| मनोज कुमार साह<br>प्र.प्रशासकिय अधिकृत | गुणवती देवी थारू<br>उपाध्यक्ष | जय प्रकास गच्छदार थारू<br>अध्यक्ष |
|---|---|---|

ग्रामथान गाउँपालिका, गाउँपालिकाको कार्यालय, कोशी प्रदेश, मोरंग, नेपाल

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# होचुवाको भरमा घोषणा नगरौं

*संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका जनप्रतिनिधीहरुले क्षनिक लोकप्रियताको लागि वा भनौ गलत सल्लाहकारहरुको लैलैहमा आएर अहिले अनेकौ घोषणाहरु गर्ने गरको छन् । जन घोषण गर्छ त्यो घोषण लागु गर्ने आधार के ? घोषणा गर्ने योजना के ? त्यसको कुनै अध्ययन नै नगरी होचुवाको भरमा घोषणा गरिएको योजनाहरु आम नेपाली जनताले कार्यान्वय गर्दैन कि उलघन गर्दछ । जसले गर्दा राज्यको ढुकुटीमा रितिने काम हुन्छ । त्यही वेतिथी विराटनगर महानगर पालिकाको छ । तीनवटा तत्कालै घोषणहरु गरेका छन् जुन कि तीनवटै घोषणलाई व्यपारीहरुको दवावमा फिर्ता लिन वाध्य भएका छन् ।*

*विराटनगर महानगर पालिकाले विराटनगरलाई सुन्दर र सफा वनाउनको लागि बजार एरियाको सडकलाई नो पार्किक एरिया वनाउने घोषण गरियो तर त्यो घोषणको विरोधमा व्यपारीहरुले उल्टै बजार बन्द गराई विरोध गरेपछि केही समयको लागि त्यो निर्णयमा महानगर पछि हटेको छ । त्यसैगरी दोस्रोमा सार्वजनिक ठाउँमा सुर्तीजन्य पदार्थ सेवन र विक्री वितरणमा वन्द गर्ने घोणाना गरको छ । त्यो घोषणालाई कार्यान्वयन गर्न अनुगमनमा निष्केका कर्मचारीहरुलाई व्यवसायीहरुले दोकानको भाडा तिरेको छु कसरी भयो सार्वजनिक भनेर प्रश्न गर्दे महानगरले सक्छ भने सुर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योगलाई वन्द गराउन सुझाव दिएको छ । अव तेस्रोमा मापदण्ड अनुसार माछामासु विक्री वितरणमा स्वास्थ्य मापदण्ड नअपनाउने व्यवसायीहरुलाई कारवाहीका दायरामा ल्याउने घोषणा गरको छ ।*

*घोषण गर्नु अघि सोचविचार पुऱ्याउन जरुरी छ । घोषणा गर्न जति सजिलो छ लागु गर्न त्यतिकै कठीन छ । नो पार्किङ, सुर्तीजन्य पदार्थ विक्री वितरण र माछामासु विक्री वितरणमा सरसफाईका कुराहरु लागु गर्न उचित कदम हो त्यसलाई लागु गर्न कडा कानुन वनाई सार्वजनिक कारवाहीको नियम लागु गरेपछि मात्र सफल हुन्छ । त्यसैले पहिले कडा कानुन वनाउ अनि मात्र घोषणा गरौ । अन्यथा घोषण कागजमै सिमत हुन्छ ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# कोशी प्रदेश सरकारले एकसय दिनमा गरेका उपलब्धी

विराटनगर। मुख्यमन्त्री किक्मत कुमार कार्की नेतृत्वको सरकारले १०० दिनमा गरको उपलब्धीहरु यस प्रकार रहेका छन् ।

शासकिय सुधार तथा क्षमता विकास क्षेत्र :

- प्रदेशका मन्त्रालयहरुको संख्या १३ बाट ९ मा घटाइएको र मन्त्रालयहरुको संगठन तथा व्यवस्थापन (इ ७ :) कार्य सम्पन्न गरिएको,

- प्रदेश सरकारको प्रशा सनिक खर्चमा मितव्ययिता कायम गर्न तथा सेवा प्रवाह र विकास व्यवस्थापनमा प्रभाव कारीता ल्याउन उच्चस्तरीय प्रशासन सुधार कार्यदल गठन भएको।

- प्रदेशको नामाकरण भएको,

- प्रदेश भित्रका १५ स्थानीय तहहरु (सिरिजंङ्गा गा.पा., फाकफोक थुम गा.पा., झापा गा.पा., शिवसताक्षी न.पा., रंगेली न.पा., भोक्राहा नरसिंह गा.पा., साँगुरीगढी गा.पा., छथर गा.पा., चैनपुर न.पा., पौवादुम्वा गा.पा., कटारी न.पा., चम्पादेवी गा.पा., सिद्धिचरण न.पा., लिखुपिके गा.पा., मैवाखोला गा.पा.) को आवद्यिक योजना निर्माण कार्य अगाडी बढेको,

- स्थानीय तहका जनप्रतिनीधि तथा कर्मचारीहरुलाई क्षमता अभिवद्धि कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता, मध्यमकालिन खर्च संरचना सम्बन्धी, न्च्य, योजना तर्जुमा तथा बजेट निर्माण, उत्प्रेरणा तथा व्यवहार परिवर्तन सम्बन्धी तालिम प्रदान गरीएको ।

- कोशी प्रदेश समन्वय परिषद्को पूर्णता र पाँचौ बैठक मिति द्दण्डण/ण्ज्ञ/ण्द्ध गते सम्पन्न भएको।

- कोशी प्रदेश सरकारको सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी स्थितिपत्र २०७९ तर्जुमा गरिएको ।

कोशी प्रदेश सभा र मन्त्रिपरिषद्बााट स्वीकृत भएका कानुनहरुको विवरण देहाय अनुसार छन् ।

कोशी प्रदेश सभा र मन्त्रिपरिषद्बाट स्वीकृत भएका कानुनहरुको विवरण देहाय अनुसार छन्

| क.सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट अवधारणामा सैद्धान्तिक स्वीकृति भई निर्माणाधिन विधेयक | १ |
| २ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट प्रदेश सभामा पेश गर्न स्वीकृत भएका विधेयक | ३ |
| ३ | प्रदेश सभाबाट प्रमाणित भई प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका विधेयक | २ |
| ४ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका नियमावली | ३ |
| ५ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका निर्देशिका | १ |
| ६ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका कार्यविधि | २ |

- प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट अवधारणामा सैद्धान्तिक स्वीकृतिभई निर्माणाधीन विधेयकहरुः-

- कोशी प्रदेश दलित अधिकार विधेयक (सामाजिक विकास मन्त्रालय)

- प्रदेश सभामा पेश गर्न स्वीकृत विधेयकहरुः-

- स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ (मुख्यमन्त्रीतथा मन्त्रिपरिषद्को कार्यालय)

- प्रचलित प्रदेश ऐनमा प्रदेशको नाम संशोधन गर्न बनेको विधेयक, २०७९ (आन्तरिक मामिला तथा कानून मन्त्रालय)

- प्रदेश नं. १ प्रदेश वन ऐन, २०७७ लाई संशोधन गर्न वनेको विधेयक, २०७९ (पर्यटन, वन तथा वातावरण मन्त्रालय)

- प्रदेश नं. १ प्रदेश वातावरण संरक्षण ऐन, २०७६ लाई संशोधन गर्न वनेको विधेयक, २०७९ (पर्यटन, वन तथा वातावरण मन्त्रालय)

-,देश सभाबाट पारित भई प्रदेश प्रमुखबाट प्रमाणीकरण भएकाविधेयक हरुः

- प्रदेश निजामती सेवा विधेयक,२०७९ (मुख्यमन्त्रीतथा मन्त्रिपरिषद्को कार्यालय)

- केही प्रदेश ऐनलाई संशोधन गर्ने विधेयक,२०७९ (आन्तरिक मामिला तथा कानून मन्त्रालय)

- प्रदेश सरकार ( मन्त्रिपरिषद्) बाट स्वीकृत भएका नियमावलीहरुः-

- प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ ( मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय)

- प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)

- कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०७९ (उद्योग, कृषि तथा सहकारी मन्त्रालय)

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ (आर्थिक मामिला तथा कानून मन्त्रालय)

- प्रदेश सरकार (मन्त्रि परिषद्) बाट स्वीकृत भएका निर्देशिकाहरुः-

- नेपाल व्यावसयिक योग्यता प्रणाली कार्यान्वयन निर्देशिकका, २०७९ (सामाजीक विवकास मन्त्रालय)

- प्रदेश सरकार (मन्त्रि परिषद्) बाट स्वीकृत भएका कार्यविधिहरुः-

- मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ (आन्तरिक मामिला तथा कानून मन्त्रालय)

-आर्थिक सहायता कार्यविधि, २०७९ (आन्तरिक मामिला तथा कानून मन्त्रालय)

- प्रदेश समपुरक अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७९ (आर्थिक मामिला तथा योजना मन्त्रालय)

आर्थिक क्षेत्र

- यस प्रदेश अन्तर्गतका सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरुको चालु खर्चको द्दछ% खर्च कटौती गरी श्रोत व्यवस्थापनको प्रयास गरिएको ।

- प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, द्दण्ठछ दोश्रो संशोधन गरी स्थानीय तहलाई प्रदान गरिने समपुरक अनुदान लाई गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महा नगर पालिका अनुसार वर्गिकरण गरी व्यवस्थित गरिएको ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली द्दण्ठढ मन्त्रिपरिषदबाट स्वीकृत भएको ।

- प्रदेशको आन्तरिक राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्य (एर्भ्ँब) सम्वन्धी अध्ययन प्रतिवेदन प्राप्त भएको ।

वन, वातावरण तथा पर्यटन क्षेत्र:

- ९० वटा सामुदायिक वन तथा ३३ वटा कबुलियती वनको कार्ययोजना नविकरण भएको ।

- ५ वटा नयाँ नर्सरी स्थापना, ४४ वटा नर्सरी मर्मत तथा नर्सरीबाट १७ लाख विरुवा उत्पादन सम्बन्धी कार्य भईरहेको ।

- १ वटा स:मिल, ४ वटा फर्निचर, ८ वटा भेनियर, जडी बुटी प्रशोधन/उद्यम स्थापनामा सहजीकरण र सहयोग भएको ।

- प्रदेश भित्रका विभिन्न स्थानका १८ वटा सिमसार / पोखरी संरक्षणको कार्य सम्पन्न भएको ।

- वायो ईन्जिनियरीङ् प्रविधिको प्रयोग गरी ७ किलोमिटर खोला किनारा संरक्षणको कार्य सम्पन्न भएको ।

- ३ वटा स्थानमा संवेदनशिल भू-संरक्षण कार्यक्रम, १ स्थानमा चुरे तथा नदी प्रणाली संरक्षण, ३ स्थानमा एकिकृत सुख्खा क्षेत्र व्यवस्थापन, २ स्थानमा पहिरो व्यवस्थापन, ५ स्थानमा खानेपानी तथा सिँचाई जलधार व्यवस्थापन, २ स्थानमा आकस्मिक भु-संरक्षण कार्यक्रम, १४ स्थानमा एकिकृत भुसंरक्षण कार्यक्रम, ४ किलोमिटर सडक सँग भुसंरक्षण कार्यक्रम, सिद्धिचरण न.पा. को विउटार र त्रियुगा न.पा.-ठ हरेबासमा जलवायू परिवर्तन अनुकूलन नमुना गाउँ कार्यक्रम सम्पन्न भएको ।

७६,२६,५९५ क्यू.फिट काठ, १३३४ चट्टा दाउरा तथा १३,७७,४१९ के.जि. गैरकाष्ठ वन पैदावार उत्पादन भई रु. २,५१,८२४,६०८.४६ मूल्य अभिवृद्धि कर र रु. ७,११,९७,१८२ राजस्व संकलन भएको ।

- पर्यटन विकास आयोजना तर्फ २२६ योजना सम्झौता भएको तथा २४ योजनाहरु सम्पन्न भएको ।

उद्योग, कृषि तथा सहकारी क्षेत्र:

- प्रदेशमा प्राङ्गारीक मलको खपत बृद्धिका लागि सहुलियत दरमा ४०७ मे.टन प्राङ्गारीक मल किसानहरुलाई उपलब्ध गराईएको रदिगो रुपमा माटोको उत्पादकत्व वृद्धिका लागि प्रदेशमा उपलब्ध कच्चा पदार्थको प्रयोग गरी प्राङ्गारीक मल उत्पादन गर्न झापा मोरङ्ग र सुनसरीका ६ स्थानमा प्राङ्गारीक मल उत्पादन कार्यलाई अघि बढाईएको ।

- भोजपुर,खोटाङ्ग,ओखल्ढुङ्गा, सोलुखुम्बु र उदयपुर जिल्लाको डिजीटल स्वाईल म्याप तयार गर्न स्थलगत रुपमा माटोको नमुना लिने काम शुरु गरिएको ।

-प्रदेशमा उत्पादन हुने तुलनात्मक लाभका निर्यातजन्य बालीहरुको प्रसोधन तथा बजार प्रवर्द्धनका लागि नीजि उद्यमी ब्यवसायीहरुसँग लागत साझेदारीमा सुनसरीमा बेसार प्रसोधन केन्द्र, झापामा सुपारी, अदुवा र अलैची प्रसोधन केन्द्रहरु निर्माणका लागि संझौता भई निर्माण कार्य अघि बढाईएको छ ।

- स्थानीयस्तरमा उत्पादन भएको किवीको व्यवस्थित भण्डारण का लागि भोजपुर र इलाममा चिस्यान सुविधा सहितको साना भण्डारण गृह निर्माण सम्पन्न भएको ।

- उत्पादनका आधारमा अनुदान उपलब्ध गराउने नीति अनुरुप प्रदेशमा पहिलो पटक दुध उत्पादनको आधारमा अनुदान बितरण कार्यक्रम अन्तर्गत व्यवसायिक रुपमा दुध उत्पादन गर्ने १६०९५ कृषकहरुलाई प्रति लिटर दुई रुपैयाका दरले १ करोड १७ लाख रकम उपलब्ध गराईएको छ ।

-पशुपन्छीमा लाग्ने खोरेत, पिपिआर, भ्यागुते चरचरे, रानीखेत जस्ता रोग नियन्त्रण गर्न ७ लाख पशुपन्क्षीहरुमा स्थानिय तहहरुसँगको सहकार्यमा खोप कार्य सम्पन्न गरिएको।

- स्थानीय नश्लका बाख्राको नश्ल सुधार गरि उत्पादन र उत्पादकत्व बृद्धि गर्न विभिन्न जिल्लामा गरि ४६८ बोयर क्रस बोका बितरणको कार्यक्रम सम्पन्न हुने चरणमा रहेको छ।व्यवसायिक बाख्रापालनको लागि ११ समुह/सहकारी मार्फत ५५० कृषकहरुको सहभागीतामा बाख्रा श्रोत केन्द्र विकासको कार्यक्रम संचालन गरिएको ।

- स्वदेशमा नै युवाहरुलाई स्वरोजगार वनाउन ११३ जना युवा र टछ जना द्वन्द्व पिडीत परिवारलाई पशुपालनको व्यवसाय संचालन गर्न सहयोग उपलब्ध गराइएको ।

- कोशी प्रदेशमा माछाको नश्ल सुधार गरि उत्पादन र उत्पादक बढाउन ५ वटा मत्स्य ह्याचरीहरु लाई उन्नत नश्लका ३१० ग्रासकार्प, ४१० कमन कार्प, ३००सिल्भर कार्प र ३००बिगहेड कार्प गरि जम्मा १३२० माउमाछा भैरहवा स्थित सरकारी श्रोतकेन्द्रबाट खरिद तथा ढुवानी गरि उपलब्ध गराईएको ।

- गाई भैसीमा देखिने उल्टिने बाँझोपन,थुनेलो रोगको समस्या समाधान गर्न स्थलगत रुपमा बिशेषज्ञको सहभागीतामा शिविरहरु संचालन गरि रोगी पशुको उपचार गरिएको।

- उद्योग वाणिज्य सम्बन्धी सेवाहरु आधुनिक सूचना प्रविधिमा आधारित सेवा प्रवाहका लागि ICAS (Industry Commerce Administration System ) प्रणाली तयार गरी एउटै सफ्टवेरको माध्यमबाट उद्योग दर्ता, नविकरण, खारेजी, पुँजि बृद्धि र स्थानान्तरण आदि सम्पुर्ण कार्यहरु उक्त प्रणाली मार्फत संचालन गर्ने परीक्षण सेवा शुरुबात गरिएको ।

- डिजीटल कृषि प्रवर्द्धनका लागि नेपाल कृषि बजार विकास कार्यक्रम सहजको सहकार्यमा प्रदेशमा रहेका प्रमुख कृषि बजारको दैनिक मूल्य संकलन मोबाईल एप्स मार्फत संकलन गरी कालिमाटी तथा अन्य राष्ट्रिय बजारहरुको समेत तुलनात्मक मूल्य सुचना प्रणाली तयार गरि किसान तथा ब्यापारीहरुलाई एसएमएस सेवा मार्फत मूल्य उपलब्ध गराउने र बजार कारोबार परिमाण आदि समेत उपलब्ध गराउने वेभ साईट httpsMkrishibajar.p1.gov.nptof/ गरी परीक्षणको रुपमा संचालन गरिएको ।

- कृषि विकास विविध विषयहरुमा स्थानीय तहहरुसँग समन्वय अभिबृद्धि गर्न किसान सुचिकरण, एकिकृत कृषि पशुपंक्षी तथ्याङ्क अद्यावधिक प्रणाली र स्थानीय तहका प्रावधिकहरुको क्षमता अभिबृद्धि तालिम आदि कार्यमा प्रदेशका सबै स्थानीय तहका कृषि र पशु सेवा प्राविधिकहरुलाई समावेश गरि प्रदेश र स्थानीय तहवीच समन्वय र सहकार्य अभिबृद्धि गर्न प्रयाश गरिएको ।

- कोशी प्रदेशका विभिन्न

वांकी ५ पेजमा...

## मानव सेवा आश्रमलाई सहयोग

विराटनगर । विश्व हिन्दू परिषद नेपाल, मोरङ शाखाले मानव सेवा आश्रम विराटनगर-२ लाई सोह्र हजार दुई सय नगद रकम सहयोग प्रदान गरेको छ । परिषद मोरङ शाखाकी सभापति शोभा पोखरेलले सो रकम आश्रमकी संयोजक गंगा थापालाई हस्तारण गरेकी हुन् ।

सो कार्यक्रममा परिषदका कोषाध्यक्ष माधव काफ्ले, उर्मिला सुवेदी, बालकृष्ण भट्टराई, भूषण कोइराला, सरिता रेग्मी, सलिना कोइरालाको समेत उपस्थिति थियो ।

सो अवसरमा तीन वर्ष अघि स्थापित सो आश्रमलाई स्थानीयको सहयोग र मायाले नै यो अवस्थामा आइपुगेको संयोजक थापाले बताइन् । परिषदकी सदस्य सरिता रेग्मीले मानव सेवा आश्रमलाई रकम प्रदान गर्दा सही काम गरेको अनुभूति भइ आफूलाई भित्रैबाट आनन्द मिल्ने गरेको बताइन् ।

सो आश्रममा हाल ९० जना आश्रित छन् । सडकमा परित्यक्त र वेसहरा जीवन विताइ रहेकाहरुलाई उद्धार गरी आश्रमले उपचार गर्नका साथै उनीहरुको परिवारको खोज गरी पुनर्मिलन गराउँदै आएको छ ।

# संयुक्त ट्रेड यूनियनले बुझाएको ज्ञापनपत्रमा शोशी प्रदेश कर्मचारीको फरकमत

विराटनगर । कर्मचारीहरुको संयुक्त ट्रेड युनियनले देशभर बुझाएको ज्ञापनपत्रमा कोशी प्रदेशका कर्मचारीले फरक मत राखेका छन् ।

संघीय सरकारले संसदमा प्रस्तुत गर्न लागेको संघीय निजामती सेवा ऐनको विषयमा कर्मचारी संगठनहरुले बुझाएको ज्ञापनपत्रमा आफ्नो असहमति जनाउँदै कोशी प्रदेशको नेपाल राष्ट्रिय कर्मचारी संगठन ( निजामती)ले फरक मतसहित छुट्टै ज्ञापनपत्र बुझाएका छन् ।

केन्द्रको घोषित कार्यक्रम अनुसार कर्मचारी संगठनहरु नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजमती कर्मचारी युनियन, नेपाल राष्ट्रिय कर्मचारी संगठन ( निजामती), मधेशी कर्मचारी मञ्च र एकीकृत सरकारी कर्मचारी संगठन नेपालले सरकारलाई देशैभर संयुक्त रुपमा ज्ञापन पत्र बुभाएका हुन् ।

संयुक्त रुपमा बुझाइएको ज्ञापनपत्रको बुँदा नम्बर १६ र २१(२) मा आफ्नो असहमति जनाउँदै कोशी प्रदेश नेपाल राष्ट्रिय कर्मचारी संगठन ( निजामती)ले भने छुट्टै ज्ञापनपत्र बुझाएको अध्यक्ष रुद्र सुवेदीले जानकारी दिए ।

केन्द्रले बुझाएको बुँदा नम्बर १६ को प्रदेशको प्रमुख सचिव र प्रदेश सचिव संघीय निजामती सेवाको पद हुने र त्यस्तो पदमा राजपत्राङ्कित विशिष्ट श्रेणीको पदाधिकारीलाई कनिष्टताको आधारमा प्रदेशको प्रमुख सचिव र राजपत्राङ्कित प्रथम श्रेणीको पदाधिकारीलाई जेष्ठताको आधारमा कम्तीमा १ वर्षको लागि प्रदेश सचिवमा खटाउने व्यवस्था गर्ने उल्लेख छ ।

त्यस्तै महानगर, उपमहा नगर, नगरपालिका र गाउँ पालिकाको प्रमुख प्रशासकीय अधिकृत संघीय निजामती सेवाको कर्मचारी खटाउने व्यवस्था गर्ने । त्यस्तो पदमा जेष्ठता र कार्य क्षमताको आधारमा तोकिएको बमोजिम को पदको कर्मचारी खटाउने व्यवस्था कायम गरी एकमुष्ट रुपमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा खटाउने र सम्बन्धीत मुख्यमन्त्री कार्यालयले स्थानीय तहमा खटाउने व्यवस्था गर्ने । यो व्यवस्था यो ऐन लागू भएपश्चात संक्रमणकालिन व्यवस्थाको लागि प्रदेश र स्थानीय तहको जनशक्ति विकास नभएसम्म ५ वर्षका लागि कायम गर्ने उल्लेख छ ।

उक्त बुँदामा कोशी प्रदेशको नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती)ले संघीयताको मर्म विपरीत भएको भन्दै प्रदेशको प्रमुख सचिव संघीय निजामती सेवाको र प्रदेश सचिव प्रदेश निजामती सेवाको पद हुने उल्लेख गरेका छन् । यस्तै महानगर, उपमहानगर, नगरपालिका र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत स्थानीय सेवाको कर्मचारी खटाउने व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ ।

केन्द्रले बुझाएको ज्ञापन पत्रको बुँदा नम्बर २१ (२) मा प्रतिस्पर्धात्मक परीक्षाको माध्यामबाट संघको कर्मचारी समेत प्रदेश र स्थानीय तहमा जान पाउने प्रावधान राख्ने । समायोजन भएर गएका कर्मचारीलाई स्थानीय र प्रदेशबाट संघमा समेत आउन सक्ने व्यवस्था गर्ने र त्यस्तो कर्मचारीको हकमा उमेरको हद नलाग्ने विषय उल्लेख छ ।

उक्त बुँदामा पनि असहमति जाहेर गर्दै कोशी प्रदेशको नेपाल राष्ट्रिय कर्मचारी संगठन ( निजामती)ले प्रदेश लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गरी प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीले पनि संघमा जान पाउनु पर्ने र त्यस्ता कर्मचारीहरुको सेवा निरन्तरता समेत कायम रहनुपर्ने उल्लेख छ ।

'बुँदा नम्बर १६ संघीयताको भावना र मर्म विरुद्धमा भएको र बुँदा नम्बर २१ ले प्रदेश र स्थानीय तहका कर्मचारीलाई संघीय कर्मचारी सरह स्वीकार गर्न नसकी विभेदपूर्ण व्यवहार गर्न खोजेकोले हामीले असहमति जाहेर गरेर ज्ञापन पत्र बुझाएका हौं,' नेपाल राष्ट्रिय कर्मचारी संगठन ( निजामती)का कोशी प्रदेश अध्यक्ष सुवेदीले भने, 'मुलुक राजनीतिक रुपमा संघीयतामा गइसकेपछि यसको कार्यान्वयनको लागि प्रशासनिक पुन:संरचना अत्यन्त आवश्यकता रहेको बेला बुँदा नम्बर १६ ले केन्द्रीकृत मानसिकताबाट प्रशासनिक संयन्त्रलाई संचालन गर्ने दुष्प्रयासलाई टेवा पुर्याएको र यसले संघीयता र भावना, मर्मलाई कमजोर बनाउँदै अन्तत: संघीयताप्रति नै जनतामा वितृष्णा बढाउन सहयोग गर्ने देखिएकोले हामीले त्यसलाई सच्याउन दबाब दिएका हौं ।'

१६ र २१ बुँदा नसच्चिएमा प्रदेश र स्थानीय तहका सम्पूर्ण कर्मचारीहरु आन्दोलनमा उत्रन बाध्य हुने चेतावनी दिदै '१६ बुँदा संघीयताको विरुद्धमा छ र २१ बुँदाले कर्मचारीहरुबीच विभेद सिर्जना गर्न खोजेको छ । यसर्थ सम्पूर्ण कर्मचारी संगठनहरुले गम्भीरतापूर्वक यो विषयलाई लिएर सच्याउनुपर्ने नेपाल राष्ट्रिय कर्मचारी महासंघका केन्द्रीय सचिवालय सदस्य रेवती ढुंगानालले वताए ।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया
मोरंग, प्रदेश १

यो धुम्रपानको आदत सजिलो तरीकाले कहाँ छुट छ,, पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ ।

## हार्दिक मंगलमय शुभका

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

क. गीता रानी महतो
प्रदेशसभा सदस्य, कोशी प्रदेश

## हार्दिक मंगलमय शुभका

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राम प्रसाद मेहता
प्रदेशसभा सदस्य, कोशी प्रदेश

## हार्दिक मंगलमय शुभका

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अमृत अर्याल
प्रदेशसभा सदस्य, कोशी प्रदेश

## हार्दिक मंगलमय शुभका

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

योगेन्द्र मण्डल
संघिय सांसद, क्षेत्र नं. ५ मोरंग

## लागुऔषध ब्राउन सुगर सहित तीन पत्राउ

विराटनगर । मोरङको उर्लाबारी नगरपालिका-३ केर्खाली चोक स्थितबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित तिन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मंगलवार १९ बर्षीय बिश्वास धिमालको घरमा लागुऔषध बेचबिखान भईरहेको छ भन्ने बिशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले खानतलासी गर्दा उनको घरबाट २१ ग्राम ब्राउन सुगर फेला पारे सगै बेचबिखानमा संलग्न धिमाल, २२ बर्षीय आलोक धिमाल र भक्तपुर चाँगुनारायण नगरपालिका-१ का २८ बर्षीय उपेन्द्र खड्का समेतलाई प्रहरीले पक्राउ गरेको थियो ।




पक्राउ परेका उनिहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको छ ।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति ळिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकिहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, कोशी प्रदेश


## सांसद शर्माद्धाराअति विपन्न विरामीहरुलाई एक वर्ष सम्म नि:शुल्क उपचारको व्यवस्था

विराटनगर । प्रतिनिधि सभा सदस्य डा.सुनिल शर्माले आगामी एक बर्षसम्म खोटाङको केपिलासगढी गाउँपालिकाका अति विपन्न विरामीहरुलाई काठमाडौंको सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा नि:शुल्क उपचार गर्ने व्यवस्था मिलाइदिएका छन् । ग्रामिण क्षेत्रका विपन्न विरामीहरुको नि:शुल्क उपचारका लागि ३० जना डाक्टरको टोली लिएर केपिलासगढी पुगेका केएमसी सञ्चालकसमेत रहेका सांसद शर्माले अति विपन्न विरामीलाई नि:शुल्क र विपन्न विरामीलाई विशेष सहुलियतमा उपचार गर्ने व्यवस्था मिलाइदिएका हुन् ।

यो बिषयमा केएमसी र केपिलासगढी गाउँपालिकाबीच सोमबार सम्झौता भएको छ । सम्झौता पत्रमा केएमसीका तर्फबाट अध्यक्ष होमादेवी न्यौपाने र महाप्रवन्धक नारायण दाहाल तथा केपीलासगढी गाउँपालिकाको तर्फबाट अध्यक्ष समिर राई र प्रमुख प्रशासकीय अधिकृत गुन्जन कार्कीले हस्ताक्षर गरेका छन् । केपिलासगढीका अति विपन्न विरामीलाई केएमसीमा १०० प्रतिशत सम्म छुटको व्यवस्था गरिने सम्झौतामा उल्लेख छ। त्यस्तै, गाउँपालिकाले सिफारिस गरेर पठाएका विपन्न विरामीले पनि सहुलियत दरमा उपचार पाउँनेछन्।

ओपीडीमा आएका विपन्न विरामीले २५ प्रतिशत छुट पाउँनेछन् । भर्ना भई उपचार गराउँनु पर्ने अवस्थाका विरामीलाई केएमसीले ५० प्रतिशत छुट दिनेछ । सम्झौता अनुसार एमआरआई, सीटीस्क्यान, शल्यक्रिया लगायत सबै किसिमको उपचारमा विरामीले छुट पाउँनेछन् । न्यून आय भएका र उपचार गराउँन नसकिरहेका विपन्न विरामीलाई उपचारमा सहजता प्रदान गर्न छुटको व्यवस्था गरिएको डा.शर्माले बताए । 'खोटाङको दुर्गम क्षेत्र केपिलासगढीका विरामीहरुलाई उपचारमा सहयोग गर्न आगामी एक बर्ष सम्मका लागि सम्झौता गरिएको छ, त्यसपछि पनि सम्झौता थप हुन सक्छ,' डा.शर्माले भने ।

यसैबीच, केपिलासगढी गाउँपालिका र केएमसीको सहकार्यमा गाउँपालिकाको केन्द्रमा नि:शुल्क स्वास्थ्य शिविर आयोजना गरिएको छ । दुई दिनसम्म सञ्चालन हुने शिविरको पहिलो दिन सोमबार केपिलासगढीका १ हजार ३ सय ५६ विरामीको नि:शुल्क स्वास्थ्य परीक्षण गरिएको केएमसीका महाप्रवन्धक नारायण दाहालले जानकारी दिए । उनका अनुसार शिविरमा १२५ जनाको भिडियो एक्सरे, १४२ जनाको रक्त परीक्षण र ८९ जनाको इसीजी गरिएको छ । केपिलासगढीको शिविर सकिएपछि बुधबार रावावेसीमा पनि नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिने केएमसीले जनाएको छ ।

## कोशी प्रदेशका उन्तीस उत्कृष्ट महिला उद्यमी सम्मानित

विराटनगर । कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले कोशी प्रदेशका १४ वटा जिल्लाका २९ जनालाई उत्कृष्ट महिला उद्यमी प्रोत्साहन सम्मान प्रदान गरको छ ।

उत्कृष्ट महिला उद्यमी प्रोत्साहन सम्मान कार्यक्रमका प्रमुख अतिथी कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले तीनजना महिला उद्यमीहरुलाई दोसल्ला ओढाएर सम्मान पत्र प्रदान गरेको थियो । अन्य २६ जना महिलाहरुलाई कार्यक्रमका अध्यक्ष एवं सामाजक विकास मन्त्री बुद्धीकुमार राजभण्डारीले सम्मानित गरको थियो ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथीले भने सामाजिक विकास मन्त्रालयले प्रदान गरेको सम्मान समाजको सम्मान, प्रदेश सरकारको सम्मान भएको वताउँदै महिला उद्योगीहरुले संचालन गरको उद्योगलाई प्रवर्द्धन गर्न के कस्तो सहयोग गर्नु पर्छ सुझाव आओस त्यसमा प्रदेश सरकार सहयोग गर्न तयार रहेको वताए ।

त्यसै गरी सामाजिक विकास मन्त्री बुद्धकुमार राजभण्डारीले भने विदेशवाट खाली हात आएका उद्योगीहरुले अहिले नेपाल भरी उद्याग संचालन गरी अर्वपति भएका छन् । तर हाम्रो समाजमा भएका उद्योगहरु रुघ्न अवस्थामा रहको छ । त्यसैले यो सम्मान तपाईहरुको हौसला वढाउन र तपाई महिलाहरुले संचालन गरका उद्योगलाई प्रवर्द्धन गर्न अझ मन्त्रालय सहयोग गर्न तयार रहेको वताए ।

उक्त सम्मान ११ जिल्लाका २/२ जना, २ वटा जिल्लाका ३/३ जना र झापा जिल्लावाट १ जना महिला उद्यमीहरु सम्मानित भएका थिए । सम्मानित हूनेहरुलाई नगद ५० हजार समेत प्रदान गरिएको थियो ।







## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| | | |
|---|---|---|
| दुर्गा प्रसाद न्यौपाने<br>प्र.प्रशासकिय अधिकृत | हन्ना सोरेन<br>उपाध्यक्ष | जितेन्द्र प्रसाद साह<br>अध्यक्ष |

जहदा गाउँपालिका, गाउँपालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल



## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।



| | | |
|---|---|---|
| रोहिणी आर्चाय<br>प्र.प्रशासकिय अधिकृत | सिता देवी राजवंशी<br>उपाध्यक्ष | देवराज चौधरी<br>अध्यक्ष |

कटहरी गाउँपालिका, गाउँपालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल



SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

# सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ गठन

इनरुवा । इनरुवा नगर पालिकामा शनिवार सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ गठन भएको छ ।

सो गठन कार्यक्रमलाई सम्वोधन गर्दै सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघका केन्द्रिय सचिव काशीनाथ दंगालले शैक्षिक गुणस्तर सुधार र सामुदायिक विद्यालय सुधार तथा सार्वजनिक शिक्षा बलियो बनाउन विद्यालय व्यवस्थापन समितिहरुको बिचमा नीतिगत बहस तथा छलफल हुने थलोको रुपमा महासंघले काम गर्दै आएको वताए । दंगालले शिक्षामा इक्छाशक्ती भएको खण्डमा सामुदायिक विद्यालयमा गुणस्तर सुधार हुने दावी गरे ।

त्यसैगरी इनरुवा नगरपालिका का पूर्व नगर प्रमुख तथा शारदा माध्यमिक विद्यालय व्यपवस्थापन समिति अध्यक्ष खेमराज पोखरेलले इनरुवाको शिक्षा तुलनात्मक रुपमा खस्केकाले प्रत्येक विद्यालयको अवस्था अवलोलन भ्रमण र अनुगमन गरेर योजना बताउनुपर्ने वताए ।

महासंघका नवनिर्वाचित इनरुवा अध्यक्ष जयकृष्ण यादवको अध्यक्षतामा इनरुवा महासंघ समिति गठन गरेको हो । यादव सरस्वती माध्यमिक विद्यालय बबिया इनरुवा ९ को विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हुन् ।

महासंघका इनरुवा उपाध्यक्षमा भगवती मविका विश्वथान ओभ्ना, सचिवमा देवकोटा आधारभुतका राकेश निरौला, उपसचिवमा नेपाल राष्टिय माविका निर्मल कुमार खवास सिंह र कोषाध्यक्षमा जनहित आधारभुत विद्यालयका देवका दाहाल कोईराला चयन भएका छन ।

सो समितिको सदस्यहरुमा पुजा चौधरी (सिद्धार्थ आधारभुत विद्यालय), रामसुन्दर साह( जनकल्याण आधारभूत विद्यालय ), कमल कार्की (जनता मा.वि.), शशि थापा मगर ( बुढासुब्बा आधारभुत विद्यालय), सत्य नारायण शर्मा खत्वे ( शिशु निकेतन आधारभुत विद्यालय), उमाकान्दत मेहता (गणेश नेरा आधारभुत विद्यालय) रहेको छ ।




हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

ग्रामथान गाउँपालिकाको कार्यालय,मोरंग, प्रदेश १

## कोशी प्रदेश...

स्थानमा नीजि क्षेत्रबाट संचालित मेला महोत्सवमा मह, फलफूल, तरकारी, अचार, दूग्धजन्य पदार्थहरु, रैथाने वाली तथा पुष्प आदिको बजारिकरण प्रवर्द्धनका लागि स्थानीय उत्पादक तथा उद्यमीहरुलाई निःशुल्क स्टलहरु उपलब्ध गराई स्थानीय उत्पादन प्रवर्द्धन गरिएको ।

- किसानहरुको खेतबारीमा प्राविधिकहरु स्वयं उपस्थित भई गरिने विभिन्न प्रकारका अभियान मुलक तथा सचेतनात्मक कार्यक्रमहरु माटो परीक्षण शिविर १२ वटा, प्लान्ट क्लिनिक २३ वटा, कृषक पाठशाला ८ वटा संचालन गरि स्थलगत रुपमा किसानको घरदैलोमा गई सेवा प्रवाह गरिएको ।

- प्रदेशमा समग्र कृषि क्षेत्रको ब्यवस्थित र योजनाबद्ध विकासकाका लागि प्रदेशमा कृषि विकासको १० वर्षे योजना सहित २० वर्षे कृषि विकास रणनीतिको मस्यौदालाई अन्तिम रुप दिने कार्य भै रहेको ।

- नेपाल कृषि बजार विकास कार्यक्रम सहजको सहकार्यमा प्रदेशमा युवा उद्यमीहरुलाई प्रोत्साहन गर्न प्रदेश स्टार्ट अप नीति तयारीका लागि कार्यदल गठन गरी नीति मस्यौदाको काम अघि बढाईएको ।

- प्रदेशमा कृषि, सहकारी र उद्योग क्षेत्र विकासका लागि कृषि तथा वित्तिय क्षेत्रका विज्ञहरुसँग कृषि नीति योजना तथा कार्यक्रम सम्बन्धमा नीति सम्बाद संचालन गरिएको ।प्रदेशमा उत्पादन हुने विभिन्न बाली, वस्तु सम्बद्ध विषयगत संघ संगठन तथा सहकारी र किसान सम्बद्ध संघ संगठनहरुसँग अन्तर क्रिया छलफलका माध्यमबाट नीति कार्यक्रम तय गर्न तथा कार्यक्रम कार्यान्वयन गर्न पृष्ठपोषण प्राप्त भएको ।

- प्रदेशमा रहेका उत्कृष्ट सहकारी संस्थाहरु र सहकारी कर्मीहरुलाई प्रोत्साहन तथा सम्मान गर्ने उद्धेश्यलेसहकारी ऐनमा भएको ब्यवस्था अनुरुप सहकारी क्षेत्रमा प्रदान गरिने पुरस्कार सम्बन्धी मापदण्ड, २०७९ स्वीकृत गरिएको ।

- वर्तमान सन्दर्भमा सहकारी क्षेत्रमा देखिएका विविध समस्या समाधान गर्न र सहकारीका सम्बन्धमा फैलिएका नकारात्मक प्रचार प्रसारका सम्बन्धमा आम जनतामा सचेतना फैलाउन प्रदेश सहकारी रजिस्ट्रार तथा प्रशिक्षालयबाट १३ बुँदे निर्देशन जारी गरी सहकारी प्रति विश्वाशनियता बृद्धि गर्ने कार्य गरिएको ।

खानेपानी, सिँचाई तथा उर्जा क्षेत्र:

- मन्त्रालय मातहतका विभिन्न कार्यलयहरु मार्फत करिव ७५० हेक्टर जमिनमा सिंचाइ सेवा पुर्याइएको ।

- निर्माण सम्पन्न ९ वटा सिंचाइ योजनाहरु जल उपभोक्ता संस्थाहरुलाइ योजना रेखदेख, संचालन तथा मर्मत संभारगरी संचालनगर्न द्विपक्षिय सहमती सम्झौता अनुसार हस्तान्तरण गरिएको ।

- मन्त्रालय मातहतका विभिन्न कार्यलयहरु मार्फत करिव ६० वटा नदि नियन्त्रण योजनाहरुको निर्माण सम्पन्न भएको ।

- संघ, प्रदेश ,स्थानिय तह,क्म्क्ष्‌ तथा जल उपभोक्ता समुहहरुको लागत साझेदारीमा प्रदेशको मध्यपहाडी आठ जिल्लाहरु (पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ्ग, ओखलढुङ्गा र उदयपुर) मा साना सिंचाइ कार्यक्रम मार्फत क्रमागत करिव ५० वटा योजना सम्पन्न ।

- विपन्न वर्ग लक्षित सौर्य उर्जा उज्यालो कार्यक्रमको खरिद प्रकृया अगाडीबढेको ।

- विद्युतिय सवारी साधनको प्रयोगलाई प्रवर्द्धन गर्न विद्युतिय चार्जिङ स्टेशन (इटहरी, मन्त्रालय परिषर र कोशी अस्पताल क्षेत्र) निर्माणको कार्यअगाडी बढेको ।

- प्रदेश भित्रका विभिन्न प्रमुख पर्यटकीय तथा धार्मिक स्थलमा सौर्य विद्युतिकरण जडान कार्य अगाडी बढाइएको ।

- प्रदेश अन्तर्गत ७ वटा खानेपानी तथा सरसफाई डिभिजन कार्यलयहरु मार्फत १५ वटा आयोजना सम्पन्न ३२ वटा आयोजना स्किम सम्पन्न भइ प्रदेश भित्रका करिव २५००० नागरिकलाई पर्याप्त, सफा र सुरक्षित खानेपानी सुविधा पुगेको ।

आन्तरिक मामिला तथा विपद् व्यवस्थापन क्षेत्र :

- जनयुद्ध, दोस्रो जनआन्दोलन, मधेस आन्दोलन, आदिवासी जनजाति आन्दोलनको क्रममा सहादत प्राप्त व्यक्तिहरुको परिवारलाई १४ वटै जिल्ला प्रशासन कार्यालय मार्फत प्रति परिवार रु.१,००,०००।- (रु. एक लाख) का दरले १४५० परिवारलाई जम्मा रकम रु.१४,५०,००,०००।- (रु.चौध करोड पचास लाख मात्र) उपलब्ध गराइएको ।

- मुख्यमन्त्री अत्यावश्यक सेवाकेन्द्र (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ स्वीकृत गरी सो अनुसार अर्जुनधारा झापा, रंगेली मोरङ, आठराई तेह्रथुममा मुख्यमन्त्री अत्यावश्यक सेवाकेन्द्र स्थापनाको लागी सम्झौता गरिएको ।

- प्रदेश विपद् जोखिम नक्साङ्कनको लागी मोबाइल एप तयार गरी ताप्लेजुङ, पाँचथर, तेह्रथुम र धनकुटा, गरी ४ वटा जिल्लाहरुमा गरी जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहसँग अन्तर्क्रिया कार्यक्रम संचालन गरिएको ।

- विपद् व्यवस्थापन नीति, २०७९ स्वीकृत गरिएको ।

- आगलागीजन्य विपद्बाट घरक्षती भएका ५८ पिडित परिवारलाई जम्मा रु.२५,४०, ०००।- र मृत्यू भएका ९ परिवारहरुलाई रु.९,००,०००।- राहत रकम उपलब्ध गराईएको ।

- कोरोना महामारीका कारण सीमा नाका बन्द भई चरम खाद्य सङ्कट बेहोरेका संखुवासभा जिल्लाको भोटखोला गाउँपालिकाका नागरिकका लागी ९० क्वीन्टल खाद्यान्न चामल पठाईएको ।

- विपद् प्रभावित नीजि आवास पुनःनिर्माण तथा पुनर्स्थापनाका लागी भोजपुर जिल्लाका विभिन्न पालिकाका ३९ परिवारलाई रु.२९,२५,०००।-, संखुवासभा जिल्लाका विभिन्न पालिकाका ९२ परिवारलाई रु.८२,८०,०००।-, धनकुटा जिल्लाका विभिन्न पालिकाका ५५ परिवारलाई रु. ४१,२५,०००।-, झापा जिल्लाको १ परिवारलाई रु.३०,०००।- र खोटाङ जिल्लाको १ परिवारलाई रु.३०,००० गरी रु.१,५३,९०, ०००।- सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत रकम उपलब्ध गराईएको ।

- सुरक्षित सिमा सुरक्षित जिवन कार्यक्रम अन्तर्गत झापाको गौरीगञ्ज, मोरङको रंगेली र सुनसरीको हरिनगर गा.पा.को सिमा क्षेत्रमा स्थानीय जेष्ठ नागरिकको स्वास्थ्य परिक्षण, निःशुल्क औषधी वितरण र चेलीबेटी बेचविखन, लागूऔषध नियन्त्रण र सीमा सुरक्षा सम्बन्धि सचेतना कार्यक्रम गरिएको ।

- प्रदेश सुरक्षा नीति, २०७९ को मसौदा तयार गरिएको ।

- भौगोलिक रुपमा विकट भएका नागरिकहरुलाई सहज रुपमा सेवा प्रवाह गर्ने उद्देश्यले द्दण्ठढ चैत्र ५ गते देखि यातायात व्यवस्था कार्यालय ओखलढुङ्गाबाट सवारी चालक अनुमतिपत्र प्रदान गर्ने कार्य प्रारम्भ गरिएको।यसबाट ओखलढुङ्गा, सोलुखुम्बु र खोटाङ्ग जिल्लाका सेवाग्राही प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् ।

सामाजिक विकास:

- स्थानीय तहसँग साझेदारीमा नमुना माध्यमिक विद्यालय विकास कार्यक्रम सञ्चालन मार्गदर्शन - २०७९ स्वीकृत भएको ।

- नेपाल व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन निर्देशिका - २०७९ स्वीकृत भएको ।

- प्रदेश भित्रका दलित समुदायहरुको हक अधिकारलाई स्थापित गर्नदलित अधिकार सम्बन्धी विधेयक निर्माण गर्ने प्रकृया अगाडी बढाइएको ।

- सामाजिक विकास मन्त्रीज्यूको अध्यक्षतामा गठित समितिबाट रेमी (च्भ्क्ष्) परियोजना सञ्चालनका लागि कोशी प्रदेशका १० वटा स्थानीय तह छनौट गरी कार्यक्रम सञ्चालनको शुरुवात भएको ।

- कोशी प्रदेशका राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगितामा पदक विजेता खेलाडीहरुलाई प्रदेश सरकारको तर्फबाट नगद पुरस्कार सहित सम्मान गरिएको ।

- खेलकूद क्षेत्रको उन्नयनका लागि विभिन्न खेल संस्थासँगको सहकार्यमा खेलकूद सम्बन्धी क्रियाकलापहरु सञ्चालन तथा खेलकूद पूर्वाधारमा अनुदान प्रदान गरिएको ।

- स्थानीय तहसँगको साझेदारीमा नमूना माध्यमिक विद्यालय विकास कार्यक्रमका लागिविभिन्न स्थानीय तहका १३ वटा नमूना विद्यालयलाई अनुदान प्रदान गरिएको ।

- प्रत्येक जिल्लाका २ वटा आधारभूत विद्यालय गरी जम्मा २८ वटा विद्यालयलाई स्थानीय तहको साझेदारीमा नमूना बालमैत्री विद्यालय विकासका लागि सम्बन्धित स्थानीय तहमा अनुदान प्रदान गरिएको ।

- उत्कृष्ट व्यवस्थापन भएका १३ वटा सफल सामुदायिक आधारभूतविद्यालय र १४ वटा माध्यमिक विद्यालयलाई प्रोत्साहन अनुदान प्रदान गरिएको ।

- लैंगिक हिंसा पीडित महिला, बालबालिकाको जन्मदर्ता (३ जना) पीडित किशोरीको नागरिकता बनाई जम्मा २६ जनालाई संरक्षणमा (क्वाभ ज्यगकभ) मा राखिएको ।

- प्रदेशमा सूचिकृत भई सञ्चालनमा रहेका १६ वटा बाल कल्याण गृहहरु, ८ वटा बृद्धाश्रम, ५१ वटा ज्येष्ठ नागरिक, १० वटा ज्येष्ठ दिवा सेवा केन्द्र पूर्वाधार विकास केन्द्र/मिलन केन्द्र तथा १६ वटा हिंसा पीडित महिला अल्पकालिन सुरक्षित आवास गृह संरक्षणका लागिसंस्थागत अनुदान प्रदान गरिएको ।

- बिपन्न, दलित तथा सिमान्तकृत समुदायका महिलाहरु को आर्थिक सशक्तिकरणका लागि विभिन्न जिल्लाका २० वटा स्थानीय तहहरुमा आर्थिक आत्मनिर्भर कार्यक्रमका लागि अनुदान पठाइएको ।

- संसदीय पत्रकारिता विषयमा महिला पत्रकारहरुलाई तालिम

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जय प्रकाश महतो (महासचिव)
अखिल नेपाल पिछडावर्ग

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुर्यनाथ प्रसाद सिंह (के. अध्यक्ष)
वृहत मधेशी नागरिक समाज